मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

# माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति, माघी पर्व, २०८१ को शभुकामना सन्देश

विभिन्न समदुायहरुद्वारा मनाउने माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति, माघी चाडको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सुदूरपश्चिमेली र सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाइहरुमा सुख , शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धार्मिक एवं सांस्कृतिक सम्पदाको रुपमा रहेको यस पर्व सुदूरपश्चिम प्रदेशमा धुमधामसँग मनाउने प्रचलन रहि आएको छ । थारु समुदायमा माघी पर्वलाई नयाँ वर्षका रुपमा समेत मनाइन्छ । विशिष्ट मौलिक पर्वको रुपमा रहेको यस चाडमा गरिने स्नान,दान, पूजाअर्चना, मनोरन्जन,आपसी सद्भाव, प्रेम र मिष्ठान्न भोजन विशेष रुपमा लोकप्रिय रहेको छ । यस चाडले सुदूरपश्चिम र नेपाली समाजको समग्र विविधताको बीचमा एकता र सद्भाव अभिवृद्धि गर्न उल्लेख्य योगदान पुऱ्याएको मैले विश्वास लिएको छु ।

अन्तमा, माघी पर्वले सम्पूर्ण नेपालीहरू बीच आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन मद्दत पुऱ्याउने विश्वासका साथ पुन: माघी पर्व, २०८१ को हार्दिक शुभकामना व्यक्त गर्दछु।
धन्यवाद ।

२०८१ माघ १ गते मंगलबार

(कमल बहादुर शाह)
मुख्यमन्त्री